स्थानीय राजपत्र

मेचीनगर नगरपालिकाद्वारा प्रकाशित

---

खण्ड ९ मेचीनगर, नेपाल, भाद्र १ गते २०८३ साल अंक ४

---

# भाग २

स्थानीय सरकार

# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८३ सालको कार्यविधि नं. ०४

मेचीनगर स्थानीय राजपत्र

## डकर्मी प्रमाणीकरण कार्यविधि, २०८३

**प्रस्तावना:**

मेचीनगर नगरपालिका क्षेत्रभित्र सुरक्षित, गुणस्तरीय, दिगो एवं भूकम्प प्रतिरोधी भवन तथा भौतिक संरचना निर्माण कार्यलाई प्रवर्द्धन गर्न; निर्माण कार्यमा संलग्न डकर्मी (Mason) हरूको सीपको पहिचान, वर्गीकरण, क्षमता अभिवृद्धि, प्रमाणीकरण र नियमन गर्न आवश्यक भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) एवं राष्ट्रिय भवन संहिता (National Building Code - NBC) को परिधिभित्र रही मेचीनगर नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"मेचीनगर नगरपालिका डकर्मी प्रमाणीकरण कार्यविधि, २०८३"** रहने छ ।

(२) यो कार्यविधि मेचीनगर नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"नगरपालिका"** भन्नाले मेचीनगर नगरपालिका सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले मेचीनगर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"समिति"** भन्नाले दफा ४ बमोजिम गठित डकर्मी प्रमाणीकरण तथा नियमन समिति सम्झनु पर्छ ।

(घ) **"डकर्मी"** भन्नाले गारो लगाउने, प्लास्टर गर्ने, आर.सी.सी. (RCC) ढलान गर्ने तथा भवन निर्माण सम्बन्धी प्राविधिक वा कालीगडको रूपमा कार्य गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) **"प्रमाण-पत्र"** भन्नाले यस कार्यविधि बमोजिम नगरपालिकाले जारी गरेको डकर्मी दक्षता तथा सूचीकरण प्रमाण-पत्र सम्झनु पर्छ ।

(च) **"समकक्षी प्रमाण-पत्र (Equivalent Certification)"** भन्नाले CTEVT, NSTB (National Skill Testing Board), प्राविधिक शिक्षालय वा सरकारबाट मान्यता प्राप्त अन्य सीप विकास संस्थाबाट प्राप्त डकर्मी/भवन निर्माण सम्बन्धी दक्षता प्रमाण-पत्र सम्झनु पर्छ ।

(छ) **"आर्थिक ऐन"** भन्नाले मेचीनगर नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्छ ।

**३. डकर्मीको वर्गीकरण, योग्यता र अधिकार क्षेत्र**

नगरपालिकाले डकर्मीहरूलाई कार्य अनुभव, तालिम र समकक्षी प्रमाण-पत्रका आधारमा देहाय अनुसार वर्गीकरण गरी सोही अनुसारको अधिकार क्षेत्र तोक्नेछ:

| तह/वर्ग | नाम | न्यूनतम योग्यता, कार्यानुभव र समकक्षी प्रमाणपत्र (Equivalent certificate) | स्वीकृत कार्य क्षेत्र/अधिकार |
|---|---|---|---|
| तह १ | **साधारण डकर्मी (Basic Mason)** | कम्तीमा १ वर्षको व्यावहारिक निर्माण अनुभव **वा** मान्यता प्राप्त संस्थाबाट आधारभूत डकर्मी तालिम प्राप्त | नगरपालिका क्षेत्रभित्र स्वीकृत नक्सा अनुसार साधारण १ देखि २ तल्ले आवासीय भवन निर्माणमा सहायता गर्ने । |
| तह २ | **दक्ष डकर्मी (Skilled Mason)** | तह १ को अनुभव + भूकम्प प्रतिरोधी तालिम **वा** CTEVT/NSTB Level-1 वा सो सरहको समकक्षी प्रमाणपत्र प्राप्त | स्वीकृत नक्सा र भवन संहिता (NBC) अनुसारका सम्पूर्ण साधारण आवासीय भवनहरूको निर्माण/नेतृत्व गर्ने । |
| तह ३ | **मुख्य/अगुवा डकर्मी (Master Mason)** | कम्तीमा ५ वर्षको कार्यानुभव + CTEVT/NSTB Level-2 वा सो सरहको समकक्षी प्रमाणपत्र **वा** पालिकाले सञ्चालन गरेको उन्नत (Advanced) भूकम्प प्रतिरोधी तालिम प्राप्त | बहु-तले भवन, ठूला व्यावसायिक/सार्वजनिक संरचना निर्माण तथा नयाँ डकर्मीहरूलाई अन-द-जब (On-the-job) मार्गदर्शन गर्ने । |

- **विशेष व्यवस्था (Equivalency Distinction):** CTEVT, NSTB वा सरकारबाट मान्यता प्राप्त अन्य सीप विकास संस्थाबाट पहिले नै Skill Certificate प्राप्त गरिसकेका डकर्मीहरूलाई नगरपालिकाले आयोजना गर्ने प्रारम्भिक व्यावहारिक सीप परीक्षण (Practical Skill Test) मा छुट दिई सोझै **अनुसूची-२** बमोजिमको प्रमाण-पत्र प्रदान गरिनेछ ।

४. **प्रमाणीकरण तथा नियमन समिति**

डकर्मीहरूको आवेदन छानबिन, सीप परीक्षण, नवीकरण तथा नियमन सम्बन्धी कार्य सम्पादन गर्न देहाय बमोजिमको समिति रहनेछ:

**(क)** **संयोजक:** प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शाखा प्रमुख

**(ख)** **सदस्य:** पूर्वाधार विकास समिति संयोजक

**(ग)** **सदस्य:** नगरपालिकाको शहरी विकास शाखा प्रमुख

(घ) **सदस्य:** नगरपालिकाको रोजगार संयोजक वा सीप विकास हेर्ने अधिकृत

(ङ) **सदस्य सचिव:** प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको इन्जिनियर

**५. आवेदन, दस्तुर तथा प्रमाणीकरण प्रक्रिया**

(१) **आवेदन पेश गर्ने:** प्रमाणीकरण वा सूचीकरण हुन इच्छुक डकर्मीले **अनुसूची-१** बमोजिमको ढाँचामा तोकिएका कागजातहरू संलग्न गरी नगरपालिकामा आवेदन दिनुपर्नेछ ।

(२) **सीप परीक्षण:** समिति वा प्राविधिक टोलीले समकक्षी प्रमाण-पत्र नभएका आवेदकहरूको व्यवहारिक एवं मौखिक सीप परीक्षण गर्नेछ ।

(३) **दस्तुर तथा शुल्क:** प्रमाणपत्र जारी गर्दा लाग्ने आवेदन दस्तुर, प्रमाण-पत्र दस्तुर तथा नवीकरण शुल्क **मेचीनगर नगरपालिकाको प्रचलित आर्थिक ऐन** मा तोकिए बमोजिम हुनेछ ।

(४) **प्रमाणपत्र जारी:** प्रक्रिया पूरा गरेका डकर्मीलाई **अनुसूची-२** बमोजिमको ढाँचामा ३ वर्षको बहाल अवधि रहने गरी डिजिटल वा भौतिक प्रमाण-पत्र जारी गरिनेछ ।

**६. नवीकरण तथा विलम्ब शुल्क**

(१) प्रमाणपत्रको म्याद समाप्त हुनुभन्दा **३० दिन अगावै** डकर्मीले तोकिएको नवीकरण दस्तुर बुझाई प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(२) म्याद नाघेको ६ महिनासम्म नवीकरण नगराएमा प्रचलित आर्थिक ऐन बमोजिम थप विलम्ब शुल्क (Fine) लाग्नेछ । ६ महिनाभन्दा बढी समय व्यतीत भएमा सो प्रमाण-पत्र स्वतः निष्क्रिय (Inactive) हुनेछ ।

**७. आचारसंहिता तथा चेतावनी (Warning) को अवस्था**

कुनै प्रमाणित डकर्मीले देहाय बमोजिमका कार्य गरेमा समिति वा भवन शाखाले निजलाई **लिखित चेतावनी (Warning)** दिन सक्नेछ:

(क) निर्माण स्थलमा व्यक्तिगत सुरक्षा सामग्री (Safety Gear - Helmet, Boots, Harness, Gloves आदि) को प्रयोग नगरेमा,

(ख) नगरपालिकाको प्राविधिक जाँच (Inspection) को समयमा निर्माण स्थलमा अनुपस्थित रहेमा वा प्राविधिक टोलीलाई असहयोग गरेमा,

(ग) गुणस्तरहीन निर्माण सामग्री प्रयोग भइरहेको थाहा पाउँदा पाउँदै घरधनी वा ठेकेदारलाई सूचित नगराई कार्य जारी राखेमा,

(घ) प्रमाणपत्रको म्याद सकिएर नवीकरण नगराई निर्माण कार्य जारी राखेमा ।

**८. सजाय, निलम्बन तथा खारेजी सम्बन्धी व्यवस्था**

कुनै डकर्मीले यस कार्यविधि, आचारसंहिता वा राष्ट्रिय भवन संहिता (NBC) को गम्भीर उल्लङ्घन गरेमा समितिले देहाय बमोजिमको कारबाही गर्न सक्नेछ:

(१) **निलम्बन (Suspension):** प्रथम पटक गम्भीर त्रुटि गरेमा वा २ पटकभन्दा बढी चेतावनी दिँदा पनि सुधार नगरेमा ३ महिनादेखि ६ महिनासम्मका लागि प्रमाण-पत्र निलम्बन गरिनेछ ।

(२) **प्रमाणपत्र खारेजी (Cancellation):** देहायका अवस्थामा प्रमाणपत्र पूर्ण रूपमा खारेज गरिनेछ:

- मेचीनगर नगरपालिकाबाट स्वीकृत नक्सा र भवन निर्माण मापदण्ड विपरीत घर/भवन निर्माण गराएको प्रमाणित भएमा,

मेचीनगर स्थानीय राजपत्र

- प्राविधिक रूपमा गम्भीर त्रुटि गरी संरचनामा जोखिम वा क्षति पुऱ्याएमा,
- किर्ते वा झूटा समकक्षी प्रमाणपत्र पेश गरी प्रमाणपत्र लिएको ठहरिएमा।

(३) **कानूनी कारबाही:** डकर्मीको लापबाही वा बदमासीका कारण भौतिक वा मानवीय क्षति हुन गएमा प्रचलित कानून (मुलुकी अपराध संहिता तथा स्थानीय सरकार सञ्चालन ऐन) बमोजिम कारबाही र क्षतिपूर्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

**९. कार्यविधि संशोधन तथा व्याख्याको अधिकार**

(१) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै दुविधा वा अस्पष्टता उत्पन्न भएमा सोको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

(२) आवश्यकता अनुसार यस कार्यविधिका कुनै पनि दफा, उपदफा, अनुसूची (अनुसूची-१ र अनुसूची-२) थपघट, परिमार्जन वा **संशोधन गर्ने सम्पूर्ण अधिकार मेचीनगर नगर कार्यपालिकामा निहित रहनेछ।**

**१०. खारेजी र बचाउ:**

(१) यस अघि नगर कार्यपालिकाको कार्यालयबाट डकर्मी प्रमाणीकरण सम्बन्धी भएको कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

मेचीनगर स्थानीय राजपत्र

## अनुसूची–१: डकर्मी सूचीकरण/प्रमाणीकरणका लागि निवेदनको ढाँचा

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**

मेचीनगर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

इट्टाभट्टा, झापा।

**विषय: डकर्मी सूचीकरण तथा प्रमाणपत्र गरि पाऊँ।**

महोदय,

मेचीनगर नगरपालिकाको **"डकर्मी प्रमाणीकरण कार्यविधि, २०८३"** बमोजिम म आवेदक/निवेदक यस मेचीनगर नगरपालिका क्षेत्रभित्र डकर्मी सम्बन्धी कार्य गर्न इच्छुक भएकाले आवश्यक कागजात र विवरण संलग्न गरी यो निवेदन पेश गरेको छु। मेरो विवरण देहाय बमोजिम छ:

१. **व्यक्तिगत विवरण:**

- **आवेदकको नाम, थर:** ..................................................................
- **नागरिकता नं. तथा जारी मिति/जिल्ला:** ..................................
- **बाबु/पतिको नाम:** .....................................................................
- **स्थायी ठेगाना:** वडा नं. ........, मेचीनगर नगरपालिका, झापा
- **हालको ठेगाना:** .........................................................................
- **सम्पर्क मोबाइल नं.:** ...................................................................

२. **माग गरिएको डकर्मी वर्ग/तह:**

[ ] **तह–१** (साधारण डकर्मी)  [ ] **तह–२** (दक्ष डकर्मी)  [ ] **तह–३** (मुख्य/अगुवा डकर्मी)

३. **कार्य अनुभव तथा समकक्षी प्रमाणपत्रको विवरण (Equivalent Qualification):**

- **निर्माण कार्यको अनुभव वर्ष:** .......... वर्ष
- **तालिम/समकक्षी प्रमाणपत्र प्राप्त संस्था (यदि भएमा):** ..................................................
- **प्रमाणपत्र/तह (CTEVT / NSTB / अन्य):** ........................................................................

४. **संलग्न कागजातहरू:**

क. [ ] नेपाली नागरिकताको प्रतिलिपि – १ प्रति

ख. [ ] हालै खिचिएको पासपोर्ट साइजको फोटो – २ प्रति

ग. [ ] कार्य अनुभव सम्बन्धी सिफारिस वा स्व-घोषणा पत्र

घ. [ ] सीप तालिम/समकक्षी प्रमाणपत्र (Equivalent Certificate) को प्रतिलिपि (भएमा)

ङ. [ ] नगरपालिकाको आर्थिक ऐन बमोजिम बुझाएको दस्तुरको रसिद

माथि लेखिएको विवरण सत्य-तथ्य छ। झूटा ठहरिएमा कानून बमोजिम सहन बुझाउन तयार छु।

**निवेदकको दस्तखत:** ............................

**नाम:** .................................................

**मिति:** २०...../..../....

मेचीनगर स्थानीय राजपत्र

**अनुसूची–२: डकर्मी प्रमाणपत्रको ढाँचा**

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इट्टाभट्टा, झापा।
कोशी प्रदेश, नेपाल

डकर्मी दक्षता तथा सूचीकरण प्रमाणपत्र
(Certificate of Mason Certification)

प्रमाणपत्र नं: MCN/MASON/२०..../........ दर्ता मिति: २०..../..../....

श्री ..............................................................
नागरिकता नं: ........................ जारी मिति/जिल्ला: ..........................
ठेगाना: मेचीनगर नगरपालिका, वडा नं. ......., झापा।

निजलाई मेचीनगर नगरपालिकाको "डकर्मी प्रमाणीकरण कार्यविधि, २०८३" को परिधिभित्र रही देहाय बमोजिमको तहमा सूचीकृत/प्रमाणित गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

[डकर्मी वर्ग/तह]: .......................................................
[समकक्षी/योग्यता]: .....................................................
[प्रमाणपत्रको बहाल रहने अवधि]: २०...../..../.... सम्म (३ वर्ष)

सर्तहरू:

१. भवन निर्माण गर्दा अनिवार्य रूपमा राष्ट्रिय भवन संहिता (NBC) र नक्सा बमोजिम गर्नुपर्नेछ।
२. कार्यविधि अनुसार तोकिएको समयभित्र नवीकरण गराउनुपर्नेछ।

............................. .............................
भवन उप शाखा प्रमुख शहरी विकास शाखा प्रमुख

मेचीनगर स्थानीय राजपत्र

**अनुसूची–२ (ख)**
**(प्रमाणपत्रको पछाडिको भाग)**

**नवीकरण तथा राजस्व सम्बन्धी विवरण**

**१. नवीकरण विवरण तालिका :**

| क्र.सं. | नवीकरण मिति | आर्थिक वर्ष | बुझाएको रकम | रसिद/भौचर नं. (Receipt/Voucher) | नवीकरण अवधि (Valid Until) | स्वीकृत गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|---|
| १. | २०.../..../.. | २०.../०... | रु. ......... | ............... | २०...../..../.... | |
| २. | २०.../..../.. | २०.../०... | रु. ......... | ............... | २०..../..../.... | |
| ३. | २०..../..../.. | २०.../०... | रु. ......... | ............... | २०...../..../.... | |

**२. स्तरोन्नति/तह फेरबदलको विवरण (Upgrades / Level Changes):**

- **साविक वर्ग/तह:** ..................................................
- **नयाँ कायम भएको वर्ग/तह:** ..................................................
- **निर्णय मिति:** २०...... / ...... / ......
- **निर्णय गर्ने अधिकारी/सिफारिस:** ..................................................

**३. विभागीय टिप्पणी तथा कारबाहीको विवरण (Official Remarks & Actions):**

- **[ ] सचेत/चेतावनी (Warning) मिति:** २०....../....../......
  **कारण:** ....................................................................
- **[ ] निलम्बन (Suspension) अवधि:** मिति २०...../..../.... देखि २०...../..../.... सम्म।
- **[ ] अन्य टिप्पणी:**
  ..........................................................................................................................................

**४. महत्वपूर्ण निर्देशन तथा सर्तहरू (Instructions & Terms):**

१. यो प्रमाणपत्र प्रत्येक ३ (तीन) वर्षमा मेचीनगर नगरपालिकाको प्रचलित आर्थिक ऐन बमोजिम दस्तुर बुझाई नवीकरण गराउनु पर्नेछ।

२. प्रमाणपत्रको म्याद सकिएको ६ महिनासम्म नवीकरण नगराएमा प्रचलित आर्थिक ऐन अनुसार थप विलम्ब शुल्क लाग्नेछ।

३. निर्माण स्थलमा व्यक्तिगत सुरक्षा सामग्री (Safety Gear - Helmet, Boots आदि) अनिवार्य प्रयोग गर्नुपर्नेछ।

४. नक्सा तथा राष्ट्रिय भवन संहिता (NBC) विपरीत कार्य गरेमा वा गलत विवरण पेश गरेको पाइएमा यो प्रमाणपत्र जुनसुकै बखत निलम्बन वा खारेज गर्न सकिनेछ।

मेचीनगर स्थानीय राजपत्र